
मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन १७ गते शनिबार ❑ 2 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## नेपाल र चीनबीचको सम्बन्ध पारस्परिक सम्मान र जनस्तरको आत्मियताले अझ समृद्ध बनेको छ : प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, १६ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले सभ्यतागत ऐतिहासिक जग र सांस्कृतिक सामिप्यमा आधारित नेपाल र चीनबीचको सम्बन्ध पारस्परिक सम्मान र जनस्तरको आत्मीयताले अझ समृद्ध बनेको बताउनुभएको छ।

नेपाल र जनवादी गणतन्त्र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वार्षिकोत्सवको विशेष अवसरमा शुक्रबार आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले बितेका दशकमा, नेपाल-चीन सम्बन्ध आपसी विश्वासमा आधारित हुँदै अझ सुदृढ र गहिरो बनेको उल्लेख गर्दै शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तहरू आपसी सम्बन्धको आधार रहेको स्पष्ट गर्नुभयो।

"नेपालले एक चीन नीतिलाई दृढ समर्थन गर्दछ। चीनले पनि सधैँ नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रताको सम्मान गर्दै आएको छ। चीन हाम्रो नजिकको छिमेकी मात्र होइन, विश्वासनीय विकास साझेदार पनि हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामी यस दीर्घकालीन, समयले परीक्षित मित्रतालाई अत्यन्तै महत्व दिन्छौँ। यस यात्रामा थुप्रै ऐतिहासिक मोडहरू आएका छन्। सन् २०१९ मा चीनका राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमण ऐतिहासिक रह्यो। यसले हाम्रो सम्बन्धलाई विकास र समृद्धिका लागि साझा लक्ष्यसहितको दीर्घकालीन मित्रता र आपसी विश्वासमा आधारित रणनीतिक सहकार्यको साझेदारीको तहमा उकासेको छ।"

प्रधानमन्त्री ओलीले सन् २०२४ को डिसेम्बरमा आफूले गरेको चीनको औपचारिक भ्रमण स्मरण गर्दै चीनका उच्चस्तरीय नेताहरूसँग भएका संवादहरू अत्यन्तै फलदायी भएको बताउनुभयो। उहाँले आपसी सहकार्यलाई थप गहिरो बनाउने प्रतिबद्धताको पुनःपुष्टि भई बेल्ट एण्ड रोड सहकार्यको ढाँचामा भएको हस्ताक्षरले हाम्रो साझा सङ्कल्पलाई मजबुत बनाएको जनाउनुभयो। चीनले पूर्वाधार र कनेक्टिभिटीमा गरेको सहयोगले नेपाललाई भौगोलिक सीमाहरू पार गर्न मद्दत पुयाएको तथा कृषि, व्यापार, पारवहन, ऊर्जा, स्वास्थ्य, डिजिटल प्रविधि र जलवायु प्रवलीकरण जस्ता क्षेत्रमा हाम्रो सहकार्य निरन्तर फैलिँदो रहेको प्रधानमन्त्री ओलीले बताउनुभयो। "नेपालले हाम्रा सीमामा रहेका हिमालय र नाजुक पर्यावरणीय प्रणालीको संरक्षणमा चीनसँगको सहकार्यलाई उच्च प्राथमिकता दिन्छ। यसै वर्ष सम्पन्न पहिलो सगरमाथा संवाद यस दिशातर्फको सार्थक कदम थियो। हालै लिङ्गदे खोलामा आएको बाढीले सीमाका दुवै छेउमा व्यापक क्षति पुर्यायो।यसले विपद् पूर्वतयारी, प्रारम्भिक सूचना प्रणाली र दीगो हिमाली विकासमा संयुक्त प्रयासको आवश्यकता झनै बलियो बनाएको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपाल चीनले राष्ट्रिय पुनरोदय र आधुनिकतामा हासिल गरेको अद्वितीय उपलब्धिहरूको उच्च सम्मान गर्दछ। करोडौं मानिसहरूलाई गरिबीबाट मुक्त गर्नु, नवप्रवर्तन र दीगो विकासमा अग्रणी बन्नु र अन्तरराष्ट्रिय सहकार्यमा नेतृत्वदायी भूमिका खेल्नु यी सबै विश्वका लागि प्रेरणादायी छन्। यी उपलब्धिहरूले चीनलाई मात्र होइन, सम्पूर्ण क्षेत्र र विश्वलाई स्थायित्व र प्रगतिमा योगदान दिएका छन्। हामी पनि यिनै प्रेरणाबाट समृद्ध नेपाल, सुखी नेपालीको हाम्रो राष्ट्रिय आकांक्षातर्फ अघि बढिरहेका छौँ।"

## राष्ट्रिय कोदो दिवसमा पोखरामा कोदो उत्पादक किसान सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन



'कोदोजन्य परिकारको आहारः खाद्य सुरक्षा र स्वस्थ जीवनको आधार' भन्ने नाराका पोखरामा शुक्रबार राष्ट्रिय कोदो दिवस मनाइएको छ। सो अवसरमा महानगरले चार जना कोदो उत्पादक किसानलाई नगदसहित सम्मान गरेको हो।

महानगरभित्र सबैभन्दा बढी कोदो फलाउने किसान सम्मानित भएका हुन्। लामो समयदेखि कोदोखेती गर्दै आउनुभएका चार जना किसानलाई महानगर प्रमुख धनराज आचार्यले सम्मान गर्नुभयो। सो अवसरमा कोदोजन्य बालीका परिकारको प्रदर्शनी गरिएको थियो।

पोखरामा १२ रोपनी क्षेत्रफलमा कोदोखेती गर्ने पोखरा-२१ का कर्णबहादुर थापालाई नगद रु १० हजारसहित सम्मान गरिएको छ। यसैगरी आठ रोपनी क्षेत्रफलमा कोदोखेती गर्ने पोखरा-२८ की अम्बिका भण्डारी नगद रु सात हजारसहित पुरस्कृत हुनुभयो। करिब १० रोपनी क्षेत्रफलमा कोदोखेती गर्ने पोखरा-२३ का सचेन गुरुङ रु पाँच हजारसहित र आठ रोपनी क्षेत्रफलमा कोदोखेती गर्ने पोखरा-१६ की बबिता गुरुङ रु तीन हजारसहित सम्मानित हुनुभयो। कोदोका परिकार प्रदर्शनीतर्फ करुङे कृषक समूह पोखरा-२२ प्रथम हुँदै रु १० हजार पुरस्कार प्राप्त गरेको छ। अन्नपात एग्रो प्रालि द्वितीय हुँदै रु सात हजार तथा नमूना प्राङ्गारिक कृषि सहकारी र जैविक स्रोत संरक्षण अभियान सान्त्वना हुँदै क्रमशः रु पाँच हजार र तीन हजार पुरस्कार पाएका छन्। कार्यक्रममा महानगर प्रमुख आचार्यले परम्परागत बालीको संरक्षण तथा विकासका लागि महानगर प्रतिबद्ध रहेको बताउनुभयो। "रैथाने बाली उपेक्षित बन्दै गएको छ। लोपोन्मुख अवस्थामा पुगेका बालीहरूको संरक्षण तथा किसानलाई आकर्षित गर्ने अभियानमा महानगर छ", उहाँले भन्नुभयो। परम्परागत बालीको संरक्षण, कोदोजन्य पोसिलो अन्नको प्रवर्द्धन, किसानको आम्दानी वृद्धि, कोदोखेतीप्रति किसानको आकर्षण वृद्धि गर्ने उद्देश्यले कोदो दिवस विशेष कार्यक्रम गरेर मनाइएको महानगर आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले बताउनुभयो।

कोदोखेतीको विस्तार, प्रवर्द्धन र किसानको आकर्षण बढाउन महानगरपालिकाले न्यूनतमसमर्थनमूल्यसमेतउपलब्ध गराउँदै आएको कडरियाले जानकारी दिनुभयो।

## राष्ट्रिय कोदो दिवसका अवसरमा कोदो रोपाइँ महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

नेपाल उद्योग तथा व्यवसायी महासंघ गण्डकी प्रदेश/कास्कीजिल्ला/माछापुच्छ्रे गाउँपालिकाको आयोजनामा राष्ट्रिय कोदो दिवसका अवसर पारी आज कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं ४ लाहाचोकमा प्रथम कोदो रोपाइँ महोत्सव सम्पन्न भएको छ।

जनगायक जीवन शर्माको विशेष प्रस्तुतिसँगै पञ्चेवाजा, स्थानीय भजनसँगै विभिन्न कार्यक्रम गरिएको महोत्सवको कोदो रोपाइँ प्रतियोगितामा १६ वटा आमा समूहले सहभागिता जनाएका थिए। सहभागी सबै समूहलाई आयोजका तर्फबाट प्रति समूह तीन हजार ५०० रुपैयाँ




प्रोत्साहन स्वरुप प्रदान गरिएको थियो। कार्यक्रमको प्रवर्द्धकमा गण्डकी प्रदेशका कृषि तथा भूमि व्यवस्था मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय, कृषि विकास निर्देशनालय, नेपाल टेलिकम, पोखरा महानगरपालिका र माछापुच्छ्रे गाउँपालिका रहेका थिए।

महोत्सवको उद्घाटन गर्दै गण्डकी प्रदेश सभा सदस्य गणेशमान गुरुङले बहुपोषणयुक्त कोदोको महत्वलाई बुझ्न नसक्दा यो हेला गरिएको अन्न जस्तो बनेको बताउनुभयो। बहु परिकारसँगै घरेलु मदिरा आदि निर्माणका लागि कोदो उपयोगी हुने बताउँदै उहाँले यसबाट अधिकतम फाइदा लिन सकिने धारणा राख्नुभयो। गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्रीका स्वकीय सचिव जीवन उच्चै ठकुरीले खाद्यान्नमा आत्मनिर्भर बन्दै समृद्धिको मार्गमा अघि बढ्नुपर्ने बताउनुभयो।

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका संस्थापक अध्यक्ष एवम् नेपाल उद्योग तथा व्यवसायी संघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष सञ्जीव बहादुर कोइरालाले कोदोको महत्वलाई बुझ्न नसक्दा पनि


बाँकी अन्तिम पृष्ठमा ▶▶


## जुलाईमा भित्रिए ७० हजार विदेशी पर्यटक


**रासस**
काठमाडौं, १६ साउन

सन् २०२५ को जुलाई महिनामा नेपालले कूल ७० हजार एक सय ९३ जना विदेशी पर्यटकलाई स्वागत गरेको छ। यो सङ्ख्या अघिल्लो वर्षको जुलाई महिनाको तुलनामा ८.७ प्रतिशतले बढी हो। नेपाल पर्यटन बोर्डका अनुसार, महामारीपूर्वको अवस्था सन् २०१९ को अप्रिल महिनासँग तुलना गर्दा जुलाई २०२५ मा नेपालले पर्यटक आगमनमा ९९ प्रतिशत रिकभरी


बाँकी अन्तिम पृष्ठमा ▶▶



"हाम्रो संस्कृति हाम्रो पहिचान"
तेस्रो गौंडाकोमुख क्वाटी तथा गाईजात्रा उत्सव-२०८२



खानाको परिकार: क्वाटी र समयबजी
मिति: २०८२ श्रावण १७ गते, शनिबार
समय: दिनको २ बजेदेखि साँझ ७ बजेसम्म
स्थान: गौंडाकोमुख, भद्रकालीचोक, पोखरा महानगरपालिका-१३
मूल आयोजक:श्री बालगोपाल भजन कृतन सेवा समिति



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा अत्याधुनिक विद्युतीय बस सेवा सुरु

पोखरापत्र संवाददाता
पोखरा, १६ साउन

पोखराको सार्वजनिक यातायात अब धुँवा र प्रदूषणबाट मुक्त हुँदै हरित यात्रातर्फ उन्मुख भएको छ । पोखरा यातायात प्रालिले बिहीबारदेखि ३२ सिट क्षमताका अत्याधुनिक इलेक्ट्रिक बसमार्फत सेवा सुरु गर्दै नयाँ युगको सुरुवात गरेको प्रा.लि.ले जनाएको छ।

यसैबिच, पोखरा महानगर यातायात व्यवस्थापन समितिका उपाध्यक्ष तथा वडा नं. १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना र वडा नं. १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले यातायात व्यवसायीहरूको उपस्थितिमा उक्त बस सेवाको शुभारम्भ गर्नुभयो । विद्युतीय बस सेवा पोखराको सार्वजनिक यातायातको रूपान्तरणको प्रारम्भिक कदम सुरु भएको वडाध्यक्ष तिमिल्सिनाले बताउनु भयो । एडीबीसँग सहकार्यमा ६ वटा अत्याधुनिक बस टर्मिनल सहितका इलेक्ट्रिक चार्जिङ स्टेसन निर्माण हुने भएको उहाँले जनाउनु भयो। परियोजनाले धुँवा र प्रदूषण घटाउँदै यातायातलाई व्यवस्थित र विकेन्द्रित बनाउने वडाध्यक्ष तिमिल्सिनाले विश्वास व्यक्त गर्नुभयो । त्यसैगरी वडाध्यक्ष पाण्डेले पोखरा बसले १६ र १९ नं. वडाबाट सेवा प्रारम्भ गरेकोप्रति आभार व्यक्त गर्दै यातायात क्षेत्रले हजारौंलाई रोजगारी दिएको उल्लेख गर्नुभयो । महानगर र व्यवसायी बीचको सहकार्यले पोखराको यातायात अझ सहज र आधुनिक बन्ने उहाँले जनाउनु भयो। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीका महासचिव योगेन्द्र बहादुर केसीले वातावरणमैत्री यातायात विस्तारका लागि महानगर र निजी क्षेत्र बीच सहकार्य आवश्यक रहेको बताउनु भयो । यातायात क्षेत्रमा लगानीका लागि व्यवसायी सधैं तयार रहेको स्पष्ट पार्दै उहाँले राज्यले त्यसको वातावरण र लगानीको सुरक्षा गर्न आग्रह गर्नुभयो।

पोखरा यातायात प्रालिका अध्यक्ष देउप्रसाद गुरुङले २३ वर्षदेखि सेवा दिँदै आएको प्रालिले विद्युतीय बस भित्र्याएको बताउनु भयो । तत्काल महंगो भए पनि समयको मागलाई बुझेर आफुहरुले चुनौतीको सामना गर्दै सेवा सुरु गरेका उल्लेख गर्दै उहाँले आगामी दिनमा थप इलेक्ट्रिक बस थप्दै लैजाने योजना रहेको जनाउनु भयो। सिपर्दी ट्रेडिङ्का गण्डकी-लुम्बिनी इन्चार्ज मोहदत्त भट्टराईले बस नेपालका बाटो र भौगोलिक परिस्थितिमा उपयुक्त रहेको दाबी गर्नुभयो । पूर्ण चार्जमा ३०० किलोमिटरसम्म चल्ने क्षमता भए पनि पूर्ण लोडमा पनि सहजै २२५ किलोमिटर सेवा दिन सक्ने प्रमाणित भएको उहाँको दाबी छ । पोखरा यातायात सेवा प्रालिको ब्यबस्थापन र अशोक गुरुङ्गको शेयर लगानिमा १ करोड २५ लाख मुल्यमा टाटा कम्पनिको ३२ सिटर टाटा अल्ट्रा इभि गाडी खरिद गरिएको अशोक गुरुङ्गले बताउनु भयो । २१३ किलोवाटको ब्याट्री भएको कम्पनीले जनाएको छ। यसअघि नै १५ सिट क्षमतासम्मका पाँच विद्युतीय सवारी सञ्चालनमा ल्याइसकेको पोखरा यातायात प्रालिले अब पहिलो पटक ठूलो क्षमताको बस मार्फत मास सेवा सुरु गरेको प्रा.लि.ले जनाएको छ । यस कदमले पोखराको सार्वजनिक यातायात प्रणालीलाई वातावरणमैत्री, सहज र आधुनिक बनाउने अपेक्षा गरिएको छ।

# महेन्द्र मावि भलाममा अभिभावक शिक्षा कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १६ साउन



हाम्रो प्रतिबद्धता बालमैत्री वातावरणमा प्राविधिक एवं गुणस्तरीय शिक्षा भन्ने मूल नाराका साथ शुक्रबार महेन्द्र मा.वि.पोखरा २० भलामले अभिभावक शिक्षा कार्यक्रम एवं प्रथम त्रैमासिक परीक्षाको नतिजा प्रकाशन कार्यक्रम सम्पन्न गरेको छ।

अभिभावक शिक्षा कार्यक्रम एवं प्रथम त्रैमासिक परीक्षाको नतिजा प्रकाशन कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले हिजोको नमूना स्कुल भएको बताउँदै सरकारलाई सौँच राखी अगाडि बढ्न शिक्षक, अभिभावकलाई आग्रह गर्नुभयो। नकारात्मक कुरा नसुन्नुहोस् र आफ्ना बाबुनानीलाई स्कुललाई विश्वास गेर पढाउनुहोस्, गफ गरेर हुँदै अभिभावकले स्कुललाई विश्वास गर्नुहोस् भन्नुभयो। उहाँले कास्की जिल्लाकै शिक्षाको उर्वर भूमि हो भलाम रहेको बताउँदै यसलाई बचाई राख्न यस ठाउँका अभिभावक सचेत हुन समेत आग्रह गर्नुभयो । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायव निरीक्षक डिएसपी हरि बहादुर बस्नेतले लागूऔषधका बारेमा अभिभावक तथा विद्यार्थीहरुलाई सचेत हुन आग्रह गर्दै यसमा नलाग्न, घरपरिवारबाट निगरानी गरी बच्चालाई सहि मार्गमा ल्याउनु पर्ने कुरामा जोड दिनुभयो । बस्नेतले लागूऔषध दुर्व्यसन रोकथाम, बच्ने उपाय तथा कानुनी व्यवस्थाको बारेमा प्रकाश पार्नुभएको थियो । सामाजिक सञ्जालको सही प्रयोग गरी आफ्नो जीवनलाई सहज तरिकाले अगाडि बढाउन समेत आग्रह गर्नुभयो। पोखरामा हाल करिब ५ हजारको हाराहारीमा एचआइभी संक्रमित भएको समेत जानकारी दिनुभयो। कार्यक्रममा अभिभाव, विद्यार्थी, सरोकारवालाहरुको व्यापक उपस्थिति रहेको थियो । विद्यालय व्यवस्थापन समिति अध्यक्ष चित्र बहादुर क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत विद्यालयका प्रअ बोधराज पौडेलले गर्नुभएको थियो भने कार्यक्रमको संचालन सहायक प्रअ प्रदीप खत्रीले गर्नुभएको थियो।

# पोखरामा सुरु भयो आरयू फेष्ट

पोखरापत्र संवाददाता
पोखरा, १६ साउन

पर्यटनको राजधानी पोखरामा फोहोरको सदुपयोग मार्फत हरित रोजगारी सिर्जना गर्ने उद्देश्यले आरयू फेष्ट भव्य रुपमा सुरु भएको छ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै पोखराका मेयर धनराज आचार्यले रिसाइक्लिङ र अपसाइक्लिङ मार्फत उत्पादन भएका सामग्रीहरूको प्रदर्शनी र प्रत्यक्ष उत्पादन प्रक्रिया अवलोकन गर्न सकिने बताउनु भयो।

पोखरा-६ बुलौंदीस्थित पोखरा इभेन्ट सेन्टरमा शनिबारसम्म चल्ने यस फेष्टमा दर्जनभन्दा बढी कम्पनीहरूले आफ्ना नवीनतम उत्पादन प्रदर्शनीमा राखेका छन् । फोहोरको रुपमा छाडिएका




प्लास्टिक सामग्री, बोतल, कागज, र प्रयोगशून्य कपडाबाट बनेका झोला, व्याग, थैली लगायतका विविध सामग्रीहरूले फेष्टलाई आकर्षक बनाएका छन्। प्रदर्शनी स्थलमा फालिएका बोतलबाट बनाइएको माछासहितका कला संरचनामा सेल्फी खिच्न आउनेको भीड देखिन्छ ।फेष्टमा फोहोरलाई पुनःप्रयोगका लागि कसरी प्रशोधन गरिन्छ भन्ने प्रत्यक्ष अवलोकन गर्न सकिन्छ।

साथै, फोहोर व्यवस्थापन र जलवायु संकटबारे प्यानल डिस्कसन, सार्वजनिक कला प्रदर्शनी, हरित उद्यमशीलता, प्लास्टिक टु रोड प्रविधि, बजार पहुँच, दिगो जीविकोपार्जनका उपायबारे अन्तरक्रिया कार्यक्रमहरू भइरहेका छन् ।

उद्घाटन समारोहमा मेयर आचार्यले भन्नुभयो, "फोहोर अभिशाप होइन, उद्यमी बन्ने अवसर हो भन्ने प्रमाणित गर्न आरयू फेष्टले महत्त्वपूर्ण योगदान दिनेछ। रिसाइक्लिङ र अपसाइक्लिङमार्फत हरित रोजगारी सिर्जना गर्दै चक्रीय अर्थतन्त्र निर्माणमा नयाँ ज्ञान र सीप प्राप्त गर्न यो साझा मञ्च बन्नेछ ।" यस परियोजनामा कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग ९कोइका० को आर्थिक सहयोग र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम ९युएनडिपी० को प्राविधिक सहयोग रहेको छ । करिब १ अर्ब ४४ करोड लगानीमा जिभिजेड सेन्टरमार्फत फोहोर प्रशोधन गरी विभिन्न सामग्री उत्पादन भइरहेको छ।

महानगरका ३३ वडामा १३६ सामुदायिक समूह मार्फत हालसम्म ३ हजार ३ सयभन्दा बढी व्यक्ति यस परियोजनामा संलग्न भइसकेका छन्। मेयर आचार्यका अनुसार, "सिमान्तकृत समुदायलाई प्राथमिकतामा राखेर रोजगारी दिइएको छ र आगामी दुई वर्षमा ३ हजार स्थायी रोजगारी सिर्जना गर्ने योजना छ ।" यस परियोजनाले हरित अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउँदै फोहोर व्यवस्थापनलाई अवसरमा बदल्ने नयाँ मोडेल प्रस्तुत गरेको सरोकारवालाले बताएका छन्।

## जुलाईमा ...

गरेको छ। यसले कोभिडपछिको अवरुद्ध पर्यटन क्षेत्रले पुनःलयमा आएको छ।

सन् २०२५ को जनवरीदेखि जुलाईसम्मको पहिलो सात महिनामा नेपालमा कूल छ लाख ४७ हजार आठ सय ८२ जना विदेशी पर्यटक आगमन भएको छ । जुन महामारीपछिको कुनै पनि वर्षको तुलनामा उच्चतम आगमन हो। नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीइओ) दीपकराज जोशीले यो सङ्ख्याले नेपालको पर्यटन पुनरुत्थान र विश्वभर फेरि एकचोटि लोकप्रिय गन्तव्यका रूपमा स्थापित हुँदै गएको देखाएको बताउनुभयो।

जुलाईमा कूल आगमनमध्ये सबैभन्दा बढी भारतबाट मात्रै २७ हजार एक सय ५२ जना अर्थात् ३८.७ प्रतिशत पर्यटक आएका छन् । दोस्रो स्थानमा चीनबाट छ हजार आठ सय ९० जना (९.८ प्रतिशत), तेस्रोमा अमेरिकाबाट छ हजार छ सय २६ जना (९.४ प्रतिशत), बङ्गलादेशबाट चार हजार चार सय १३ जना (६.३ प्रतिशत) र बेलायतबाट तीन हजार पाँच सय ४७ जना (५.१ प्रतिशत) पर्यटक नेपाल आगमन भएको छ।

क्षेत्रीय विश्लेषण गर्दा दक्षिण एसियाली मुलुकहरूबाट सबैभन्दा बढी ३३ हजार सात सय ८७ जना (४८.१ प्रतिशत) र छन् अन्य एसियाली मुलुकबाट १३ हजार ५२ जना (१८.६ प्रतिशत), युरोपबाट नौ हजार दुई सय ९२ जना (१३.२ प्रतिशत), अमेरिकाबाट १२ हजार सात सय ७५ जना (११.१ प्रतिशत), ओसिनिया क्षेत्रबाट एक हजार आठ सय सात जना (२.६ प्रतिशत), मध्यपूर्वबाट आठ सय २६ जना (१.२ प्रतिशत), अफ्रिकाबाट तीन सय १८ जना (०.५ प्रतिशत) र अन्य क्षेत्रबाट तीन हजार तीन सय २९ जना (४.७ प्रतिशत) पर्यटक आगमन भएको छ।

बोर्डका सीईओ जोशीले भन्नुभयो, "भिजिट नेपाल दशकअन्तर्गत सञ्चालन भइरहेका प्रवर्द्धनात्मक कार्यक्रम, निजी क्षेत्रको लगानी प्रवाह र विविध पर्यटकीय उत्पादनहरूले पछिल्लो समय नेपालमा पर्यटक आकर्षण बढेको छ।"


## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरू:

◆गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
◆खेती गर्दा गहरा बनाइ गरौं,
◆भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो वाँस) जस्ता वोटविरुवा रोपौ,
◆विना अनुमति गिट्टि, बालुवा, माटो, ढुंगा उत्खनन नगरौ.
◆सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
◆पानी संरक्षणका उपायहरू अपनाऔं,
◆स्थानीय जैविक खेती, कृपि वन विधि अपनाऔं।
"माटो बचाऔं, भविष्य जोगाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड



## Wanted

| | |
|---|---|
| F&B Executive | - 1 Person |
| Waitress | - 8 Person |
| Housekeeping | - 6 Person |
| Dishwasher | - 2 Person |
| Store/Purchase | - 2 Person |
| Account | - 1 Person |
| Reception/ Front Desk | - 10 Person (Female) |

Contact:
Maharaja The Royal Casino
Hallan Chowk- 6
Mobile No. 9766480428


## राष्ट्रिय...

यसतर्फको आकर्षण बढ्न नसकेको बताउनुभयो । नेपाल उद्योग तथा व्यवसायी संघ गण्डकी प्रदेशका अध्यक्ष बोबरजंग गुरुङले महोत्सव मार्फत कोदो खेतीको प्रवर्द्धन गर्न खोजिएको बताउनुभयो।

औषधीजन्य गुण भएको कोदो खेतीको विस्तार गर्दै स्थानीय उत्पादनमा आत्मनिर्भर बनाउनु जरुरी भएको उहाँको भनाइ छ।

माछापुच्छ्रे गाउँपालिकाका उपाध्यक्ष सीता अधिकारीले स्थानीय उत्पादनमा जोड दिन सके त्यसले खाद्यान्नमा आत्मनिर्भर बनाउने धारणा राख्नुभयो । नेपाल उद्योग तथा व्यवसायी संघ कास्कीका अध्यक्ष कृष्ण तिवारीको अध्यक्षता एवम् सचिव धर्ममान सिंह भण्डारीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्थानीयवासीको राम्रो उपस्थिति थियो।

# बेनीमा आधुनिक बधशाला निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १६ साउन

जिल्ला सदरमुकाम बेनीमा स्वच्छ मासु आपूर्ति गर्ने उद्देश्यले बेनपा-२ हाडेभिरमा आधुनिक बधशाला निर्माण भएको छ । गण्डकी प्रदेश सरकारको विशेष अनुदान सहयोगमा बेनी नगरपालिकाले ठेक्का प्रक्रियामार्फत बधशाला निर्माण गरेको हो।

आर्थिक वर्ष २०८१/८२ मा रु ४० लाख विनियोजन भएको बधशाला निर्माणका लागि ठेक्का प्रतिस्पर्धामार्फत भण्डारी निर्माण सेवाले रु २९ लाखमा सम्झौता गरेको थियो। स्वच्छ मासु आपूर्ति गराउन आधुनिक किसिमको सफा, सुग्धरयुक्त बधशाला निर्माण गरी सञ्चालनको तयारी गरेको बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो। पशु बध गर्ने र मासु काट्नका लागि एउटै टहरामा दुईवटा फरकफरक 'डट' र 'क्लिन' एरिया बनाइएको छ । डट एरियामा पशुको बध गरेपछि टायल बिछ्याइने क्लिन एरियामा ल्याएर पशुको शरीर झुण्डाएर छाला निकाल्ने र सफा तरिकाले मासु काट्ने संरचना बनाइएको हो । पशु बध गरेपछि हुने रगत, लादी र छालालाई प्रदूषण नहुने गरी सुरक्षित किसिमले व्यवस्थापन गर्ने संरचना निर्माण भएको छ। बध गरिसकेपछि बधशालामा पशुको शरीर झुण्ड्याउने ट्रलीसहितको उपकरण जडान भएको छ।

स र स प ऽ ा इ क ा लागि पानी आपूर्ति र शौचालय निर्माण भएको छ। हाल रहेको परम्परागत र अव्यवस्थित किसिमको बधशालाकै छेउमा नयाँ बधशाला बनाइएको हो । बेनी बजारमा २५ वटाभन्दा बढी मासु पसल छन्। म्याग्दीमा वार्षिक करिब दुई हजार मेट्रिक टन मासु खपत हुने भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्याङ्क छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा भगन्दर सम्बन्धी रोगहरूको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# महिला हिंसा

सविना प्रजा

हरेक वर्ष २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म लैङ्गिक हिंसाका विरुद्ध ऐक्यबद्धता जनाउन र जनचेतना अभिवृद्धि गराउन तथा कायम राख्नको लागि विश्वभर विभिन्न किसिमका कार्यक्रमहरूको आयोजना गरी १६ दिने अभियानको रूपमा मनाउने गरिन्छ।

विभिन्न अध्ययनले देखाए अनुसार संसारभरमा हेर्ने हो भने प्रत्येक तीन जना महिलामध्ये एक जनाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारका हिंसा भोगेका हुन्छन् भन्ने अध्ययनले देखाउँछ। अधिकांशले आफ्नो सबैभन्दा नजिकको प्रेमी, विश्वासपात्र वा निकटको जीवनसाथीबाट सो प्रकारको हिंसा व्यहोरेको अध्ययनमा उल्लेख गरिएको छ। अर्को तथ्यांक हेर्ने हो भने ३५ प्रतिशत महिलाले जीवनकालमा कुनै न कुनै प्रकारको शारीरिक वा यौनजन्य हिंसाको शिकार भएको उल्लेख गरिएको छ।

कतिपयले विपरीत लिङ्गीप्रति आकर्षित हुनु स्वभाविक कुरा हो, तर त्यसैको आडमा कर बलको प्रयोग गर्नु हिंसा भित्र पर्दछ। नारी पुरुषसँगै हिंड्ने सँगै बस्ने र सँगै कामकाज गर्दा भएका हिंसाजन्य क्रियाकलापहरू सबैलाई हिंसा भनिदैन, तर सोही क्रममा भएका बल प्रयोगका क्रियाकलाप हिंसा भित्र पर्दछन्। हिंसा सँगै रहँदा बस्दा मात्र हुँदैन। अनायासै वा जीवन सङ्घर्षको क्रममा पनि हिंसाजन्य घटनाहरू भएको पाइन्छ।

दिनहुँजसो पत्रपत्रिकामा दाइजो नल्याएको निहुँमा महिलामाथि दुर्व्यवहार, बोक्सीको आरोपमा कुटपिट लगायत मादक पदार्थ सेवन गरेर जथाभावी गरिने क्रियाकलाप हिंसा भित्र पर्दछन्। कार्यस्थलमा हुने अमानवीय व्यवहार, श्रमिकहरूमाथि हुने आमनवीय व्यवहार, बलात्कार र हिंस्रक अपराध पनि हिंसा हुन्।

अब, यसलाई नियाल्दा हिंसाबाट बच्न र बचाउन केवल दिवस मनाएर मात्र पुग्दैन भन्न खोजेको हुँ। लैङ्गिक विभेदले हिंसालाई प्रश्रय दिइरहेको वर्तमान अवस्थामा त्यस्तो विभेदमा कमी ल्याउन आवश्यक प्रयास गर्नु पर्दछ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले हरेक मानिसको स्वतन्त्रतापूर्वक जन्मन, हुर्कन र बाँच्न पाउने अधिकारको ग्यारेन्टी गरेको छ। मानव अधिकारको घोषणापश्चात् संयुक्त राष्ट्र सङ्घबाट महिला अधिकार, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, आप्रवासीका अधिकार लगायतका महासन्धीहरू पारित भइसकेको अवस्थामा पनि लैंगिक विभेद आजको विश्वव्यापी समस्या हो र यस समस्याबाट खास गरी महिला तथा बालिकाहरू बढी पीडित हुने गरेका छन्। पितृसत्तात्मक समाजमा महिला तथा बालिकाहरूलाई कमजोर र दोस्रो दर्जाको नागरिक समान व्यवहार हुने गरेको छ। धर्म, सङ्स्कार, संस्कृति रीतिरिवाज आदिका नाममा हानिकारक रीतिरिवाजको प्रचलनका कारण महिला, किशोरी र बालिकामाथिको दमन हजारौं वर्षदेखि भए गरेका छन्।

महिला तथा बालिकामाथि हुने यिनै हिंसा विरुद्ध संसारभर बहस, छलफल र ऐक्यबद्धताका लागि संयुक्त राष्ट्र सङ्घले हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको १६ दिनलाई लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको रूपमा मनाउँदै आइरहेको छ। यस सोह्र दिने अभियान भित्र अन्य दिवसहरू पनि पर्दछन्, यसैभित्र समेटेर यी दिवसहरू मनाउने गरिन्छ।

हाम्रो समाजको अवस्थालाई हेर्ने हो भने हिंसाको शुरुवात परिवार र समाजबाट नै भएको पाइन्छ। छोरा र छोरी बिचमा गरिने भेदभावले हिंसालाई नजानिँदो रूपमा सहयोग गरेको हुन्छ। परिवार, समाज अनि राष्ट्रले महिला र पुरुषमाथि भेदभावको व्यवहार जबसम्म गर्दछ, तबसम्म महिला हिंसा विरुद्धको अभियान सफल हुनेवाला छैन।

एउटा उच्च दर्जामा रहेको व्यक्तिले आफ्नो शक्तिको आडमा महिलाहरूमाथि देखाएको वक्रदृष्टि, गरेको व्यवहार, अहिले सामाजिक सञ्जालको प्रयोगबाट गरिने व्यवहारले हिंसाको शुरुवात भएका कैयौं उदाहरण पाउन सकिन्छ। एउटी महिला, जसले प्रतिकार नगरेकै अवस्थामा त्यस्ता व्यक्तिहरूले महिलालाई प्रयोग गरिरहेको पाइन्छ। कतिपय अवस्थामा विभिन्न लोभ लालच देखाएर महिलामाथि अनेकन व्यवहार गर्दासम्म कतिपय महिलाहरू सहेर बस्न बाध्य छन्। हुन त, कतिपयले यसलाई सहिदिएकै भरमा त्यस्ता व्यक्तिहरू अझै प्रोत्साहित भइरहेका पनि छन्। तसर्थ महिलाहरू यस्ता क्रियाकलापमा केही नबोल्नु वा सहनु भनेको हिंसालाई प्रश्रय दिनु नै हो भन्ने बुझ्नु जरुरी छ। हिंसा भएको जानकारी पाउनासाथ सम्बन्धित निकायमा खबर गर्नु पर्दछ भन्ने जानकारी भएर पनि जानकारी नगराएको अवस्था एकातिर छ भने कतिपय अवस्थामा त्यही सम्बन्धित निकायभित्र पनि हिंसाको शिकार हुनुपरेका घटनाहरू पनि देखिन्छन्।

एउटा अफिसमा पुरुषले महिलालाई नजानिंदो तवरले हिंसा गरेका उदाहरण खोज्न टाढा जानु पर्दैन। कतिपय अवस्थामा महिला आफैं नजिक हुन खोज्ने, स्वार्थ पूर्ति गर्नको लागि अनावश्यक सम्बन्ध राख्न खोज्दा हिंसाको शिकार भएर पछि सम्बन्धित निकायमा गएका उदाहरण खोज्न पनि टाढा गइरहनु पर्दैन।

नेपाल प्रहरीको तथ्याङ्क हेर्ने हो भने महिला हिंसा बढ्दो अवस्थामा रहेको पाइन्छ। खास गरी नेपाली संस्कृतिमा पश्चिमा संस्कृतिको नक्कल भित्रिरहँदा महिला हिंसा भुसको आगो जस्तै भित्रभित्रै सल्किरहेको देख्न सकिन्छ। भर्खरै मात्र कलाकार तथा लोक गायिका जेरी र शंकरबिच भएको डिभोर्सको घटना र यसभित्रका विविध पाटाहरूलाई उनीहरूकै भाषामा यूट्युवहरूले छताछुल्ल पारिदिएका छन्। यसबाट के बुझ्न सकिन्छ भने सकेसम्म घरबार किन बिगार्ने भन्ने हेतुले महिलाहरूले आफ्ना समस्या, दुःख, पीडा र कष्टलाई लुकाएर, आफूमाथि भएका हिंसालाई दबाएर बस्न विवश छन् नेपाली चेलीहरू। यो एउटा उदाहरण मात्र हुन सक्छ, यदि घरयासी हिंसालाई बाहिर ल्याउने हो भने, यसले ठूलो तथ्यांक देखाउँछ। यहाँ भन्न खोजिएको के हो भने महिला हिंसाका कतिपय सबालहरू घरभित्रै दबिएका छन्। यसका लागि हिंसा महिला हिंसा विरुद्धको दिवसले प्रभाव पार्न सकेको छैन। एक त नेपाली संस्कृति अर्को पुरुष प्रधान समाज र अर्कोतर्फ आफ्नो भविष्य, परिवार र ईज्जतको चिन्ता प्रमुख कुरा हुन्। भएगरेका हिंसा पनि बाहिर आउन नसक्नुमा विविध समस्या र विषय छन्। यसलाई जबसम्म बाहिर ल्याउन सकिदैन, हिम्मत गरिँदैन, तबसम्म बाहिर मेलमिलाप र भित्र हिंसा रहि नै रहने निश्चित छ। यसमा महिला नै बढी जिम्मेबार छन्।

विद्यालय स्तरको पाठ्यक्रममा महिला हिंसा अन्त्य गर्नका लागि बालबालिकालाई शिक्षा दिएको पाइन्छ, यसले बालबालिका तह देखि नै हिंसासम्बन्धी व्यवहार जान्न र बुझ्न बालबालिकाहरूले मौका पाएका छन्। यसरी प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न, मनन गर्न र बुझ्न उत्तिकै आवश्यक छ। यौवनावस्थामा भएको मायाँप्रेम, मन नमिलीकन गरिएको विवाह, दाईजो प्रथा, महिलाहरूको बाहिरी समाजसँगको सम्बन्ध, महिलाले विवाह अघि राखेका सामाजिक र दौतरी सम्बन्ध आदि महिला हिंसाका प्रमुख कारक देखिन्छन्।

त्यसो त महिला हिंसामा पुरुष मात्र नभई महिलाहरू पनि सहभागी भएका हुन सक्छन्। सासुले बुहारी, बुहारीले सासुमाथि गर्ने हिंसा, दिदीले बिचहनी, नन्दले भाउजु शिक्षिकाले छात्रा, विद्यार्थी आदिमाथि पनि हिंसा गरेका घटनाहरू बेलाबखत बाहिर आउने गर्दछन्। तसर्थ महिला हिंसामा पुरुष मात्रै कारक हो भनेर भन्नु पनि अनुपयुक्त हुन्छ जस्तो लाग्दछ।

तसर्थ, लिङ्गकै कारणले कुनै पनि भेदभाव गरि नुहुँदैन भन्ने कुरालाई हेर्ने हो भने, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका क्रममा यस्ता समस्याको खोजी गर्नु पर्दछ। दिउँसो विविध कार्यक्रमका साथ दिवस मनाउने र बेलुका घरमा हुने हिंसा बिचमा जबसम्म ब्यालेन्स मिल्दैन, तवसम्म हिंसा हिंसाकै रूपमा भित्र रहनेछ। यस दिवसमा महिला अधिकारकर्मीहरूलाई समाजका कुनाकन्तरामा रहेका घटना बाहिर ल्याउन सक्ने गरी तालिमको व्यवस्था गर्ने भए गरेका हिंसाका घटना, समस्या पत्ता लगाई मनोवैज्ञानिक रूपमा काउन्सिलिङका माध्यमबाट समाधान गर्ने संयन्त्रको विकास गरिनु पर्दछ। अनि मात्र केही हदसम्म घरेलु हिंसाको समाधान हुन सक्छ।

*लमजुङ*

*(साभार गण्डक आलोक)*

# गेन्स महोत्सव २०८२' पोखरामा सुरु




पोखरापत्र संवाददाता
पोखरा, १६ साउन

गण्डकी एकेडेमी अफ इन्टरडीसिप्नेरी स्टडिज (गेन्स कलेज), नदीपुर, पोखराले 'गेन्स महोत्सव २०८२' शुक्रबार बाट सुरु भएको छ। कक्षा १२ सकेका विद्यार्थीहरूका लागि लक्षित गरिएको यो दुईदिने महोत्सवको पहिलो दिन ११ वटा खेल सम्पन्न भए

खेल अघि एक औपचारिक कार्यक्रम गरि उद्धाटन गरिएको थियो। हिसान गण्डकी प्रदेश अध्यक्ष डा. रामजी शर्माले उदघाटन गरेको यस कार्यक्रमलाई स्मृति थापाले संचालन गरेका थिए। त्यस्तै गरि मेख राज पौडेलले कार्यक्रम र संस्थाको बारे जानकारी थिए. कार्यक्रमको बिचमा निसाना सुबेदी, समिका बराम र एलिसा भण्डारीले सांस्कृतिक नृत्य देखाएका थिए। लिग चरणको पहिलो खेल उत्तम दाईलाई दाजुभाई क्लब ले २-३ को अन्तरले जित्यो। त्यस्तै गरि दोस्रो खेलमा बबाल टिम ले नबोदित क्लब लाई १-० को झिनो गोल अन्तरले जित्यो भने दिप समुहले गोरे क्लबलाई ४-१ को फराकिलो अन्तरले हरायो। बि बि वाइसि र र्‍यान्डम क्लबले आफ्ना विपक्षीलाई हराउदै अघिल्लो चरणमा पुगे। त्यस्तै गरि आर्को चरणमा र्‍यान्डम क्लब पुनः बिजयी भएको थियो। युवा जोस र सनिकर निर्धारित समयमा २ २ गोल भएपछि गरिएको पेनाल्टीमा सनिकर बिजयी भएको छ। तर आर्को चरण को खेलमा पेनाल्टीमा नै सनिकर कोल्पस बिरुद्द हारेको छ। एच पी सी ले एलिमेंट लाइ ५-० को फराकिलो गोल अन्तरले जित्यो। कक्षा १२ को परिक्षा दिएका विधार्थी लक्षित यस फूटसल प्रतियोगिता २१ टिम ले भाग लिएका छन्।

प्रतियोगिताको विजेताले नगद ३० हजार सहित ट्रफी र टोलीका सदस्यले स्नातक तहमा छुटमा पढ्न पाउने आदित्य पहारीले जानकारी दिए। त्यस्तै गरि उपविजेताले नगद १५ हजार सहित सहित ट्रफी र टोलीका सदस्यले छुटमा पढ्न पाउने छन। फूटसल संयोजक समिर गौतमका अनुसार अघिल्लो चरणको खेल शनिवार हुने छ। शनिवार नै कविता वाचन, टिकटक भिडियो प्रतियोगिता, पब्जी टुर्नामिन्ट, चित्रकला लगायतका विधामा प्रतिस्पर्धा हुने आयोजकले जानकारी दिएको छ। 'गेन्स महोत्सव २०८२' विद्यार्थीहरूको समग्र विकासलाई लक्ष्य गरेर गरिएको महत्त्वपूर्ण प्रयास हो।

यसले युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा संलग्न गराउँदै शिक्षाको अतिरिक्त आयाममा सशक्त बनाउने अपेक्षा गरिएको छ। यस्ता उत्सवहरूले विद्यार्थी र अभिभावक समुदायमा सकारात्मक सन्देश फैलाउने विश्वास कलेज व्यवस्थापनले लिएको छ।

# बहुगुणी अन्न कोदोः खेती गर्न किसानको अरुची

रासस
काठमाडौं, १६ साउन

देशको चौथो मुख्य बाली कोदोखेती गर्न पहाडी र तराई क्षेत्रका किसानले अरुची देखाएका छन्।

मकैपछिको दोस्रो मुख्य बालीका रूपमा विगतमा पहाडमा खेती हुँदैआएकामा केही वर्षयता ती भेगका किसानले पनि यसलाई खासै महत्व नदिएका हाम्रा स्थानीय समाचारदाताहरूले जनाएका छन्। कुनै समय गरिबको खाना भनेर होच्च्याइएको कोदो र यसबाट बन्ने परिकारको माग हाल सहर बजारमा बढेको छ। कम खर्चमा यसको खेती गर्न सकिने कृषि क्षेत्रका जानकारहरू बताउँछन्। तराईदेखि उच्च पहाडी क्षेत्रसम्म



जुनसुकै जलवायुमा कम मलिलो तथा सुक्खा जग्गामा कोदो खेती गर्न गर्नसकिने उनीहरूको भनाइ छ। कोदोबाट ढिँडो, रोटी, सातु, लिटो, खोले, पुवालगायत परिकार बनाइन्छ। कोदोका परिकार पोषणयुक्त हुन्छन्। खाद्य सुरक्षाका दृष्टिले कोदोलाई ज्यादै महत्वपूर्ण बालीका रुपमा लिइन्छ। चितवनस्थित रासस समाचारदाताका अनुसार अघिल्लो वर्षको तुलनामा यो वर्ष चितवनमा कोदोखेती गर्ने किसानको सङ्ख्या घटेको छ। कृषि विकास कार्यालयका कृषि अधिकृत उमराज अर्यालका अनुसार चितवनमा वार्षिक एक हजार ५० हेक्टरमा कोदोखेती हुँदै आएको छ। इच्छाकामना गाउँपालिका र राप्ती नगरपालिकामा कोदोखेती हुँदै आएकामा हाल त्यहाँ कोदो रोप्ने किसान घटेका छन्। उहाँले भन्नुभयो, "कोदो ढिलो पाक्ने र लगाउन, थन्काउन झन्झटिलो भएका कारण यसतर्फ किसानको ध्यानाकर्षण गराउन सकिएको छैन।" कोदोखेतीतर्फ भोजपुरका किसानको पनि आकर्षण घटेको त्यहाँबाट हाम्रा स्थानीय संवाददाताले जनाएका छन्। पर्याप्त आम्दानी नहुने भएकाले उनीहरू वैकल्पिक खेतीमा लागेका रामप्रसादराई-६ का किसान राजेन्द्र राईले बताउनुभयो।

"आम्दानी राम्रो नहुने तथा खेती गर्न झन्झटिलो भएकाले गाउँघरमा व्यावसायिक रुपमा कोदोखेती गर्ने चलन हरायो",उहाँले भन्नुभयो। जिल्लाको छ हजार हेक्टर जमिन कोदोबालीका निम्ति उपयुक्त रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ। स्थानीय बजारमा कोदो प्रतिपाथी रु १५० देखि १६० सम्ममा विक्री हुने गरेको छ। तानसेनबाट रासस प्रतिनिधिले पठाएको समाचारअनुसार दश अघिसम्म पाल्पाका गामीण भेगमा कोदोखेती हुने गरेकामा हाल ती क्षेत्रका बारी र टारी बाँझै छन्। कोदोखेतीमा अब्बाल मानिएका बगनासकाली र रैनादेवी छहरामा पनि खेती गर्ने घटेका छन्। युवापुस्ता विदेशिने र सहर पस्ने क्रमसँगै कोदोखेती हुन छाडेको हो। यद्यपि जिल्लाका निस्दी, पूर्वखोला र रिब्दीकोट गाउँपालिकाका विभिन्न ठाउँहरूमा कोदोखेती हुने गरेको छ। पाल्पामा आर्थिक वर्ष २०८०/०८१ मा दुई हजार ३६३ हेक्टर क्षेत्रफलमा कोदोखेती भएकामा आव २०८१/०८२ मा आएर दुई हजार ३४९ हेक्टरमा झरेको कृषि ज्ञान केन्द्रका प्राविधिक सुरज पाण्डेयले बताउनुभयो। जिल्लाका किसान कोदोको सट्टा फलफूलतर्फ आकर्षित भएका उहाँले जानकारी दिनुभयो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रास्वास्थ्य | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गोरखामा जडीबुटीबाट २० लाख राजस्व

पोखरापत्र संवाददाता
गोरखा, १६ साउन

जडीबुटी सङ्कलनबाट गोरखामा गत आर्थिक वर्षमा रु २० लाख १६ हजार ४०४ राजस्व दाखिला भएको छ।

गत आव विभिन्न गाउँपालिकामा सङ्कलन तथा निकासी भएका ४६ हजार ९७४ केजी जडीबुटीबाट डिभिजन वन कार्यालय र मनास्लु संरक्षण क्षेत्र आयोजनाले उक्त रकम प्राप्त गरेका हुन्। मनास्लु क्षेत्रभित्र मात्र ११ हजार ३९२ केजी जडीबुटी सङ्कलन तथा निकासी भएको आयोजना कार्यालयले जनाएको छ। आयोजनाले रु १२ लाख ७० हजार ४१९ राजस्व सङ्कलन भएको जनाएको छ।

गत आव ३४ दशमलव १९ केजी यार्सागुम्बाबाट रु १० लाख ८९ हजार ८९० राजस्व सङ्कलन भएको कार्यालयका प्रमुख सन्तोष शेरचनले बताउनुभयो। मनास्लु क्षेत्रमा बुकीफूल, पदमचाल, रातोच्याउ, निर्मसी, टुकीफूल, टिमुर, धुपी, सुनपाती, सेतक्चिनी, गुलाफ, जिम्बु, चिराइतोलगायत जडीबुटीबाट राजस्व सङ्कलन गरिएको हो।

गत आव मनासलु क्षेत्रबाहेकका अन्य वनक्षेत्रबाट सङ्कलित ३५ हजार ५८२ केजी जडीबुटीबाट डिभिजन वन कार्यालयले सात लाख रु ४५ हजार ९८५राजस्व सङ्कलन गरेको जनाएको छ। कार्यालयले सबैभन्दा धेरै जटामसीबाट रु तीन लाख ५६ हजार २५०सङ्कलन गरेको छ।

# 'शिशुको पहिलो खोप नै आमाको दूध हो'

रासस
काठमाडौं, १६ साउन

अगस्ट १ देखि ७ तारिखसम्म हरेक वर्ष विश्व स्तनपान सप्ताह मनाइन्छ। सप्ताह २०२५ को नारा रहेको छ- 'स्तनपानलाई प्राथमिकता दिऔं, सहयोगी वातावरण निर्माण गरौं।'

आमाको दूध बच्चाको जीवनको सबैभन्दा महत्त्वपूर्ण पोषण हो। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को सुझावअनुसार छ महिनासम्मका बालबालिकालाई पूर्ण रूपमा स्तनपानमात्र गराउनुपर्दछ। त्यसपछि दुई वर्ष वा त्योभन्दा माथिको उमेरसम्म उनीहरूलाई ठोस आहारका साथ स्तनपान गराइरहनु पर्दछ। स्तनपानले बच्चाका लागि पूर्ण पोषण प्रदान गर्छ। बच्चालाई सङ्क्रमण र रोगबाट जोगाउँछ। यसैगरी आमाको स्वास्थ्यलाई प्रवर्द्धन गर्नुका साथै आमा र बच्चाबीचको सम्बन्ध बलियो बनाउँछ।

परिवार कल्याण महाशाखा पोषण शाखाका प्रमुख लीलाविक्रम थापाले आमा र बच्चा दुवैको स्वास्थ्यका लागि स्तनपान अति आवश्यक रहेको बताउनुभयो। उहाँले स्तनपानको महत्त्व दर्शाउँदै भन्नुभयो, "जन्मिनेबित्तिकै स्तनपान गर्न पाउनु शिशुको नैसर्गिक अधिकार हो। यसैगरी शिशुका लागि पहिलो खोप नै आमाका दूध हो। यसले शिशुको मृत्युदर घटाउनुका साथै शिशुको बौद्धिक विकासमा मद्दत गर्दछ। शिशु जन्मेको छ महिनासम्म आमाको दूधमात्र खुवाउनुपर्दछ। कम्तीमा दुई वर्षसम्म स्तनपानसँगै थप आहार खुवाउनुपर्दछ।" पोषण शाखा प्रमुख थापाले सरकारले स्तनपानलाई संरक्षण, संवर्द्धन र सहयोग गर्नलाई विभिन्न कार्यक्रम गरिरहेको जानकारी गराउनुभयो। उहाँले भन्नुभयो, "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण) सम्बन्धी ऐन (२०४९) व्यवस्था गरेअनुरूप सात सय ५३ स्थानीय तहमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुलाई निरीक्षण गर्ने निरीक्षक तोकिएको छ। ऐन कार्यान्वनयनको निरीक्षण गर्ने र सूसुचित गर्ने काम उहाँहरूको हो।" यसैगरी उहाँले प्रसूति बिदा, स्तनपान कक्ष निर्माण गरेर पनि स्तनपानलाई प्रोत्साहन गरिरहेको बताउनुभयो। बालबालिकालाई छ महिना पूरा भएपछि उमेरअनुसार पूरक खानाका साथै कम्तीमा दुई वर्षसम्म निरन्तर स्तनपान गराउनुपर्ने हुन्छ। स्तनपानले महिलाहरूमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई पनि कम गराउन सहयोग पुग्छ।

# पहिला बाध्यताको आहारा कोदो अहिले हुने खानेको रोजाइमा

**वासुदेव पौडेल**
पोखरा, १६ साउन/रासस



तीन दशक अघिसम्म पोखरा र आसपासका क्षेत्रमा भान्छामा कोदोको ढिँडो खाएर बाहिर हात चुठ्न आउँदा पनि कसैले देख्छन् कि भनेर सोच्नुपर्ने अवस्था थियो । त्यस समयमा कोदो समाजमा हेला गरिएको अन्नमा पर्दथ्यो । तर अहिले समय बदलिएको छ, होटल रेष्टुरेन्टमा मात्र हैन घरमा ढिँडो पकाएर खाने चलन बढेको छ।

तीन दशककै अन्तरालमा कोदोप्रतिको धारणा एकाएक परिवर्तन भएको अगुवा कृषक रमेश आचार्य बताउनुहुन्छ । पछिल्लो समयमा विशेषगरी पाखाबारीमा कोदो लगाउने क्रम बढेको भए पनि पर्याप्त जनशक्ति नहुँदा यसको खेती अपेक्षित विस्तार भने हुन नसकेको उहाँले जानकारी दिनुभयो । अन्य अन्नभन्दा कोदोको खेती गर्न श्रम र लगानी बढी खर्च हुने भए पनि कृषकले यसको उचित मूल्य पाउन नसकेको आचार्यले बताउनुभयो।

वर्षौंसम्म राख्दा पनि नबिग्रने कोदो विशेषगरी पहाडी क्षेत्रमा उत्पादन हुने अन्न हो। मानिसको शरीरमा आवश्यक पर्ने 'प्रोटिन'को मात्रा अत्यधिक हुने कोदोका साथै कोदोजन्य बालीका रूपमा कागुनो, धानकोदो, जुनेलो, बाजरा, सामा र चिनु रहेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । कोदोजन्य बालीमा पर्ने यिनीहरूलाई कोदाका सात भाइ पनि भन्ने गरिएको छ। पछिल्लो समयमा कृषिप्रतिको बढ्दो अनिच्छा र बसाइँसराइसँगै यो खेती गर्ने क्रम बर्सेनि घट्दै गएको छ । स्वास्थ्यका लागि बहुपोषण एवं औषधीयजन्य गुण रहेको कोदोको माग बढ्दो रहे पनि त्यस अनुसार उत्पादन भने हुन सकेको छैन। उहाँका अनुसार कृषिको राष्ट्रिय तथ्याङ्कअनुसार धान, मकै, गहुँ पछि चौथो बढी उत्पादन हुने अन्नमा कोदो पर्दछ। पोखरामा भने यो धान र मकै पछि बढी उत्पादन हुन्छ।

पोखरामा कुल तीन हजार ८१५ हेक्टर क्षेत्रफलमा कोदो लगाउने गरिएको जानकारी दिँदै प्रमुख कडरियाले यहाँको वार्षिक उत्पादन चार हजार ५०० टन रहेको बताउनुभयो । "कोदो उत्पादनमा कृषकलाई आकर्षित गर्ने उद्देश्यका साथ पोखरा महानगरपालिकाले कोदोको प्रतिकिलो रु ९० न्यूनतम समर्थन मूल्य तोकेको छ", उहाँले भन्नुभयो।

सरकारले यसै वर्षदेखि प्रत्येक वर्षको साउन १६ गते राष्ट्रिय कोदो दिवस मनाउने घोषणा गरिसकेको छ। 'कोदोजन्य परिकारको आहारः खाद्य सुरक्षा र स्वास्थ्य जीवनको आधार' नाराका साथ यस वर्ष देशभरि राष्ट्रिय कोदो दिवस मनाउन लागिएको उल्लेख गर्दै प्रमुख कडरियाले पोखरा महानगरपालिकाले लिबर्ड र वडास्तरीय कृषि सञ्जालसँगको सहकार्यमा पोखरामा प्रथम राष्ट्रिय कोदो दिवस मनाउन लागेको जानकारी दिनुभयो।

राष्ट्रिय कोदो दिवसकै अवसरमा आजै कास्कीको माछापुच्छ्रे गाउँपालिका-४ लाहाचोकमा प्रथम कोदो रोपाइँ महोत्सव गर्न लागिएको नेपाल उद्योग तथा व्यवसायी महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष बोबरजङ्ग गुरुङले जानकारी दिनुभयो। महोत्सवका अवसरमा कोदो रोपाइँ प्रतियोगितासहित विभिन्न कार्यक्रम गर्न लागिएको उल्लेख गर्दै उहाँले महोत्सवले कोदो खेतीको प्रवर्द्धनसँगै सर्वसाधारणलाई यसतर्फ आकर्षित गराउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको बताउनुभयो।

विशेषगरी पहाडी क्षेत्रमा साउनको पहिलो सातातिर मकै भाँचेपछि सर्वसाधारणले कोदो रोप्ने गर्दछन् । विगतमा कोदो रोपाइँका कारण चापाचाप हुने गाउँबस्तीका अधिकांश बारी यतिखेर बाँझै छन् । कोदो खेती कम पानीमा पनि हुने, मकैलगायत अन्तरबालीका रूपमा पनि लगाउन सकिने र बाँदरजन्य समस्याबाट पनि कम क्षति हुने भएकाले यसको उत्पादनलाई महानगरपालिकाले जोड दिएको शाखाप्रमुख कडरियाको भनाइ छ। विशेषतः मधुमेहजस्ता रोगका बिरामीलाई पनि खान हुने भएकाले बजारमा कोदोको अत्यधिक माग हुने गरेको छ । मानिसका लागि अत्यावश्यक आइरन र अन्य भिटामिन कोदोमा पाइन्छ। विशेषतः आइरन चक्की खाने गर्भवतीका लागि कोदोको परिकार बहुउपयोगी मानिन्छ।

कोदोबाट रोटी, ढिँडो, पुवाजस्ता परिकार बनाउने गरिन्छ भने यसबाट घरेलु मदिरा पनि बनाउने गरिन्छ । कोदोखेतीको सम्भावनालाई उजागर गर्दै यसबाट स्थानीयवासीको आजआर्जन बढाउन कास्कीको अन्नपूर्ण गाउँपालिकाले कोदोको उत्पादनमा जोड दिँदै यहाँका होटेल तथा रेष्टुरेन्टको मेनुमा अनिवार्य कोदोको परिकार समावेश गर्ने योजना अघि बढाइसकेको छ।

गाउँपालिकाले गर्दै आएको कोदो महोत्सवमा कोदोको सेलरोटी, सुक्खारोटी, मःमःलगायत २५ भन्दा बढी परिकार बनाएर खुवाउने गरिन्छ। पोखरामहानगरपालिकासहितकास्कीका सबै पालिकाका साथै आसपासका स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, पर्वत, बागलुङ, म्याग्दीलगायतका जिल्ला कोदो उत्पादन बढ्दै गएपछि पछिल्ला वर्षमा उत्पादन भने घट्दो रहेको बताइएको छ। कोदो खेती कम हुन थालेसँगै यसका विभिन्न प्रजाति पनि लोप हुँदै गएका छन् । विगतमा कास्की र आसपासमा दूधे काले, कुकुर काने, ठूलो कोदो, ज्याउदी खोले, देउराली काले, माझठाने, चुल्ठे, कालो डल्ले, सम्धी, सेतो झ्यापे, सिर्कुताने, हुम्ला डल्लेजस्ता विभिन्न प्रजातिका पाउने गरिएकामा ती प्रजाति लोप हुँदै गएको कृषकहरू बताउँछन् । कोदो खेतीप्रतिको आकर्षण बढाउन सकेमा यो मानवीय स्वास्थ्यका बहुउपयोगी हुनाका साथै खाद्यान्न उत्पादनमा आत्मनिर्भरता बढाउने कडरिया बताउनुहुन्छ।

# माउन्ट अन्नपूर्णमा स्वागत र अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन



पोखरा ३, नदिपुर भिसि मार्गमास्थित माउन्ट अन्नपूर्ण माध्यमिक बिद्यालये कक्षा ११ का नवआगन्तुक बिद्यार्थीहरुका लागि शुक्रबार स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले पोखरा विभिन्न तरिकाले परिचित भइरहेकोमा शिक्षाको क्षेत्रबाट पनि उत्तिकै परिचित हुँदै गएको बताए। उनले कक्षा १२ अध्ययन पश्चात कता जाने भन्ने बाटो माउन्ट अन्नपूर्णमा अध्ययन पछि सहज हुने उल्लेख गरे। गण्डकी प्रदेशमा पर्यटनका बिभिन्न गतिबिधिहरु बढि हुने हुदा पढाई पश्चात कामको अवसर प्राप्त गर्न सहज हुने उनको भनाई रहेको थियो।

बिद्यालयका पूर्व अध्यक्ष एबम् वोड सदश्य चिजकाजि गुरुङले विद्यार्थीले मेहनत गरेर अध्ययन गरेको खण्डमा त्यसको परिणाम पनि उत्कृष्ट नै आउने भएकाले समय अनुसारको शिक्षा दिलाउन विद्यालय लागिपरिहेको जनाए। बिद्यालयका प्रिन्सिपल सइन्द्रराज श्रेष्ठले समयसापेक्ष शिक्षालाई परिमार्जित गर्न माउन्ट अन्नपूर्ण हरदम प्रयासरत रहने विचार व्यक्त गरे । उनले बिद्यालयले शिक्षा सगैँ अत्तिरिक्त क्रियाकलापहरुमा पनि विशेष जोड दिदै आइरहेको जनाए । अत्तिरिक्त क्रियाकलाप निर्देशक तेज बहादुर गुरुङले उज्जवल भविश्यलाई ध्यान दिएर अध्ययन गर्न विद्यार्थीलाई सुझाए ।उनले बिद्यालयले गुणस्तरीय शिक्षाका लागि गरेका बिभिन्न क्रियाकलापप्रति खुशी ब्यक्त गर्दै यसले बिद्यार्थीको भविष्य सुनिश्चित गर्ने उल्लेख गरे। प्रशासक चित्र गुरुङले कुनैपनि विषय अध्ययनमा सहज नभएकोले सबैका लागि मेहनत आवश्यक रहेको बताए।

कार्यक्रममा कक्षा १२ का शान्ति गुरुङ,अशु आर्चाय,पुर्णिमा गुरुङ कक्षा ११ जेनिफा गुरुङले पनि आफ्नो भनाई राखेका थिए। कार्यक्रममा विद्यार्थीहरुले विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । माउन्ट अन्नपूर्ण मा.वि गण्डकी प्रदेशमानै निजि स्तरबाट सञ्चालित पहिलो निजि बिद्यालय हो।

# पोखराको दुर्गा भवानी विद्यालयमा पंखा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन




रोटरी क्लब अफ पोखरा भ्यालीले अन्नपूर्ण गाउँपालिका-२ स्थित श्री दुर्गा भवानी आदर्श सामुदायिक विद्यालयमा १२ कक्षाकोठाका लागि पंखा वितरण गरेको छ । शुक्रबार आयोजित एक कार्यक्रमबीच विद्यालयलाई पंखा हस्तान्तरण गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि एवम् अन्नपूर्ण गाउँपालिकाकी उपाध्यक्ष चन्द्रकला अधिकारीले रोटरी क्लबको यस सामाजिक कार्यको प्रशंसा गर्दै आगामी दिनमा पनि यस्तै महत्त्वपूर्ण कामहरू गर्न प्रोत्साहन दिनुभयो। यसैगरी, अन्नपूर्ण गाउँपालिकाका पूर्व अध्यक्ष युवराज कुँवरले विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा फाइदा पुग्ने यस्ता कार्यको सराहना गर्नुभयो । अन्नपूर्ण-२ का वडा अध्यक्ष पिताम्बर भण्डारीले विद्यालयलाई गरिएको सहयोगका लागि रोटरी क्लबप्रति वडाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो। रोटरी क्लब अफ पोखरा भ्यालीका अध्यक्ष कृष्णहरी पौडेलको अध्यक्षतामा भएको यस कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माया अधिकारी, चार्टर प्रेसिडेन्ट जनपुकार मुनाकर्मी, रोटरी क्लबका डिस्ट्रिक्ट अफिसर डिल्ली अधिकारी, अध्यक्ष इलेक्टेड नवीन बरालले रोट्री क्लबको बारेमा साथै दुर्गा भवानी उत्कृष्ट सामुदायिक आधारभूत विद्यालय रहेको मा खुसी व्यक्त गर्नुभएको थियो।

प्रेसिडेन्ट नोमिनी माधव बराल अनिस गौत, झंकनाथ बराल लगायत विद्यालय व्यवस्थापन समितिका सदस्य सुनका पदाधिकारी विद्यालयका शिक्षक विद्यार्थीहरूकोको उपस्थिति रहेको थियो।

कार्यक्रम संयोजक वेदहरी तिमिल्सिनाले विद्यालयको सहयोगमा रोटरी क्लबको भूमिकाबारे प्रकाश पार्दै यस सहयोगले विद्यार्थीहरूलाई पढ्न सहज हुने विश्वास व्यक्त गर्नुभयो । विद्यालयका प्रधानाध्यापक होमनाथ अधिकारीले विद्यालयको तर्फबाट सबैलाई धन्यवाद दिनुभयो। भने कार्यक्रम सञ्चालक रोट्री क्लब पोखराका सहसचिव रिना पौडेल ले गरेकी थिइन्।

# भेडी गोठाला भन्छन्- सरकारले एउटा न्यानो ज्याकेट दिए पनि लाउने थियौँ

**रासस**
बागलुङ, १६ साउन



अग्लो पहाडको शिरमा पुराना थाङ्नाले बेरिएको गोठ। निलो त्रिपाल र बाँसको चोयाले छाएको छानो । गोठको छेउमा सुरक्षाका लागि पालिएका भोटे कुकुर र वरपर हरेका हजारौँ सङ्ख्यामा भेडाका बथान।

त्यही भेडाका बथानसँगै भेटिनुहुन्छ, टेकध्वज घतान । पसिनाले निथ्रुक भिजेका शरीरका कपडा। शिरमा मैलिएको टोपी । बुढ्यौलीले चाउरिएका अनुहार। हिजोआज टीकाधारामा पुग्ने जोकोहीले भेट्छ टेकध्वजलाई। बागलुङको निसीखोला गाउँपालिका-६ का घतान गत जेठ अन्तिम साता टीकाधारा पुग्नुभएको थियो।

झण्डै २०० भेडाका बथान लिएर लेकमा उक्लिनुभएका घतानको दैनिकी बिहान भेडा दुहुने र दिउँसोमा घाँस काट्नमै बित्ने गरेको छ । उहाँसँगै रुकुमका सत्यराम विश्वकर्मा, रोल्पाका तीर्थबहादुर घर्तीसहित सात जनाको समूह त्यही गोठमा बस्नुहुन्छ। सात जनाको झण्डै पाँच हजार भेडाले टीकाधाराको खर्कहरू ढपक्क ढाकिएका छन् । सबै एउटै गोठमा बस्ने हुँदा पालैपालो घाँस काट्ने र भेडा चराउन जाने गर्छन्। टेकध्वजले यसरी लेकमा बसेर भेडा पाल्न थालेको ५० वर्षभन्दा बढी भयो। ६४ वर्षीय घतान सानैदेखि गोठमा बस्दै आउनुभएको थियो।

उमेरले बुढ्यौली लागे पनि घतान अझै हट्टाकट्टा नै हुनुहुन्छ। समुद्री सतहबाट चार हजार २०० मिटरको उचाइमा अझै पनि उत्साहका साथ उहाँले काम गर्नुहुन्छ। धेरै भेडा हुँदा हिउँदमा बेँसी र बर्खामा लेक उक्लिनुपर्छ। बाह्रै महिना एउटै ठाउँमा राखेर भेडालाई घाँस पुर्‍याउन नसकिने हुँदा लेकबेँसी गर्नुपर्ने बाध्यता छ । टीकाधारा बुकीपाटन क्षेत्र हो। यहाँ अरु पनि थुप्रै गोठाला बस्छन्।

लेकमा बढी चिसो हुने हुँदा गर्मीयाममा पनि बाक्लो कपडा लगाएर बस्नुपर्ने अवस्था छ । पाँच दशक बढी समय भेडापालनमा खर्चिए पनि अहिलेसम्म कतैबाट अनुदान पाउन नसकेको घतान गुनासो गर्नुहुन्छ। उहाँले भन्नुभयो, "यस्तो जाडो छ, सरकारले गोठालालाई एउटा न्यानो ज्याकेट दिए पनि लाउँदा हुँ, गोठको अवस्था यस्तो छ, गतिलो त्रिपाल दिए पनि हुन्थ्यो, बेलाबेलामा आएर कर्मचारीहरूले नाम टिपेर जान्छन्, तर दिने बेला केही पनि दिँदैनन्, समाचारले सरकारले किसानलाई अनुदान दिन्छ भन्छन्, हामीले अहिलेसम्म केही पनि पाएनौँ, बाउबाजेले यही पेसा गरे, हामीहरू पनि यसैमा लागियो अहिलेसम्म यहीबाटै परिवार चलाएका छौँ।"

बुकीपाटनमा रहेका भेडीगोठ अब असोज लागेपछि मात्रै बेँसी झर्छन् । यतिबेला टीकाधारा क्षेत्रमा बागलुङसँगै रोल्पा, रुकुम, म्याग्दी र डोल्पाबाट गोठालाहरू भेडा लिएर आएका छन् । बुकीपाटनभरि छरिएर रहेका गोठ र त्यहाँ बस्ने गोठालाको आ-आफ्नै कथाव्यथा र पीडा छ । तर उहाँहरूको गुनासो भने एउटै छ- सरकारले सहयोग गरेन । रुकुमपूर्वका सत्यराम विश्वकर्माले गोठालाका लागि राज्यले गोठ निर्माणका लागि चाहिने सामग्री दिए पनि आफूहरूका लागि ठूलो टेवा पुग्ने बताउनुभयो । "हाम्रो अघिल्लो पुस्ताले पनि भेडापालन गर्नुभयो, अहिले मैले पनि यही पेसा समाएको छु, अहिले मेरा तीन सयको हाराहारीमा भेडा छन्, गाउँमै बसेर यति धेरै भेडा पाल्न सकिँदैन, ठाउँठाउँमा पुगेर भेडाको स्याहारसुसार गर्नुपर्छ", विश्वकर्माले भन्नुभयो, "एउटा बर्खामा तीनचार ठाउँमा गोठ सारेर बस्नुपर्छ, गोठ बनाउनका लागि एउटा गतिलो त्रिपाल, रातिमा बाल्ने सोलार दिए हुन्थ्यो।" बुकीपाटनमा यतिबेला भेडीका बथान र गोठालाको चहलपहल छ।

पछिल्लो समय यहाँ आन्तरिक पर्यटकको भीडभाडनै हुने गरेको छ। पर्यटकले भेडाको बथानमा छिरेर दुःख दिने गरेको भेडीगोठाला लेकबहादुर विकले बताउनुभयो । पर्यटक बथानमा छिरेर नाच्ने र दौडिने गर्दा भेडा भाग्ने गरेको उहाँको भनाइ छ । "घुम्न आएका पाँच-सात जना एकैपटक भेडाको बथानमा छिरेर नाच्छन्, चिच्याउँछन्, त्यो गर्दा भेडा डराएर टाढाटाढा भाग्छन्, भागेका भेडालाई जम्मा गर्न धेरै समय लाग्छ, यसरी बथानमा नपस्नु भन्दा उल्टै हामीहरूलाई गाली गर्छन्।"

# म्याग्दीका ३३८ घरमा खानेपानी सुविधा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ साउन

मालिका गाउँपालिका-२ मा यस वर्ष निर्माण भएका तीन वटा खानेपानी आयोजनाबाट ३३८ परिवार लाभान्वित भएका छन्।

नेपाल स्वास्थ्यका लागि पानी (नेवा) र मालिका गाउँपालिकाको आर्थिक एवं प्राविधिक सहयोग तथा उपभोक्ताहरूको श्रमदानमा खवाङ्ग शेरेधारा, धुल्वाङ र घाङलेपानी खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना निर्माण भएको हो। कूल रु एक करोड ७१ लाख ७१ हजार ८५१ को लागतमा निर्माण भएका योजनाबाट ३३८ वटा धाराबाट घरघरमा खानेपानी वितरण गरिएको मालिका गाउँपालिका-२ का वडाध्यक्ष उदयकुमार बुढाथोकीले बताउनुभयो।

खानेपानी योजना निर्माणमा नेवाले रु ८० लाख ७० हजार २१० र मालिका गाउँपालिकाले रु ४२ लाख ९१ हजार ९० लगानी गरेका छन्भने उपभोक्ताहरूले रु ४७ लाख नौ हजार सात सय ५१ बराबरको श्रमदान गरेका थिए।

मालिका गाउँपालिकाको १, २ र ३ नम्बर वडामा आर्थिक वर्ष २०८१/०८२ मा सात वटा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माण भएका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताउनुभयो । वडा नम्बर १ निस्कोटमा एक सय २५ र वडा नं. ३ को डाडागाउँ, किटेनी, औल, सराग्दी, स्यागलुङ दुई सय २५ घरपरिवार, पाल्लेका एक सय २२ र लुम्पीपारका ५३ परिवार लाभान्वित भएका उहाँले बताउनुभयो।

## सार्वजनिक सूचना

म्याग्दी जिल्ला घतान-२ बस्ने रत्नकुमारी भण्डारीको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २ को कित्ता नं. २९६ र कित्ता नं. २९३ को क्षेत्रफल १२५.०० वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य भई अभिलेखिकरण गर्ने क्रममा उत्तर तर्फ कि.नं. १५२ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।